# विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लिमिटेडको

## चौंथो वार्षिक साधारण सभाको अवसरमा कम्पनीका अध्यक्षद्वारा प्रस्तुत गर्नुहुने

## सञ्चालक समितिको आ.व. २०७६/०७७ को वार्षिक प्रतिवेदन

**मितिः २०७८ बैशाख ३१ गते ।**

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस विन्ध्यबासीनि हाइड्रोपावर डेभेलपमेण्ट कम्पनी लि. को चौथो वार्षिक साधारण सभामा सहभागी हुनु भएका लगानीकर्ता, शेयरधनी महानुभाबहरु एवं अन्य आमन्त्रीत व्यक्तित्वहरु समक्ष संचालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

**शेयरधनी महानुभावहरु,**

बिश्वब्यापी महामारीको रुपमा फैलिएको नोभल कोरोना भाइरस (कोभिड -१९)ले गर्दा त्रास रहिरहेको अवस्थामा सबै शेयरधनीहरु भौतिक रुपमा नै उपस्थित भई वार्षिक साधारण सभा सम्पन्न गर्न असहज हुने हुँदा भौतिक रुपमा उपस्थित हुन नसक्नु भएका शेयरधनीहरु भर्चुअल माध्यम (Zoom APP) बाट सहभागी रही यस कम्पनीको आ.व. २०७६/०७७ को वार्षिक साधारण सभा सञ्चालन गरिएको व्यहोरा जानकारी गराउँदछौं ।

यहाँहरुको निरन्तर सहयोग एवं सहभागिताका कारण हामी रुदी खोलामा २ वटा जलविद्युत आयोजना (रुदी खोला ए ज.वि.आ. ८.८ मे.वा. र रुदी खोला बी ६.६ मे.वा. गरी जम्मा १५.४ मे.वा. सञ्चालन गर्न सफल भएका छौं । यसका अतिरिक्त यस कम्पनीले पिपुल्स इनर्जी लि., युनाइटेड मोदी हाइड्रोपावर लि. तथा जलविद्युत लगानी तथा विकास कम्पनी लि. मा समेत लगानी गरेको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछौं ।

### कम्पनी तथा कम्पनीले सञ्चालन गरेका आयोजनाहरु सम्वन्धी संक्षिप्त विवरण ।

**कम्पनीको पृष्ठभूमिः**

**क कम्पनीको नामः** विन्ध्यवासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड ।

**ख रजिष्टर्ड कार्यालयः** का.म.न.पा.वडा नं. १०, **श्री कृष्ण सदन, नयाँ वानेश्वर,** काठमाडौं ।

**ग उद्योग सञ्चालन गरिने मुख्य स्थान (जलविद्युत केन्द्र) :** यस कम्पनीको जलविद्युत उत्पादन केन्द्र कास्की जिल्लाको मादी गाउँपालिका र लामजुङ्ग जिल्लाको क्व्होलासोथार गाँउपालिका (तत्कालिन कास्की जिल्लाको मिजुरेडाँडा गा.वि.स र लमजुङ्ग जिल्लाको पसगाँउ गा.वि.स ) भएर बहने रुदी खोलामा रहेको छ ।

## घ कम्पनीले सञ्चलन गरेका आयोजनाको संक्षिप्त जानकारीः-

### १ रुदी खोला ए जलविद्युत आयोजनाः

- कास्की जिल्लाको मादी गाउँपालिकाको बालुवाबेसीमा पावरहाउस तथा लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिकामा हेडवर्क्स रहेको यस आयोजनाले २०७५ साल चैत्र ५ गतेदेखि व्यापारिक उत्पादन शुरु गरी नेपाल बिद्युत प्रधिकरणको राष्टिय प्रसारण लाईनमा जडान गरी बिद्युत बिक्री गर्दै आएको छ ।
- रुदी खोला ए ज.वि.आ.को मुख्य खोला रुदी खोला रहेको छ भने छेदुवा खोला यस आयोजनाको सहायक खोलाको रुपमा रहेको छ ।
- आयोजनाको हेडरेस पाइपलाइनमा २०७७ साल श्रावण १९ गते राती अप्रत्यासित रुपमा गएको पहिरोका कारण आयोजनाको हेडरेस पाइप र सिभिल संरचना समेतमा पुगेको क्षतिलाई मर्मत सम्भार गरी पूर्ववत रुपमा पुनः सञ्चालनमा ल्याइएको छ ।
- पहिरोका कारण क्षति भई मर्मत गरिएको क्षेत्रमा साविक बमोजिम गरिएको मर्मत सम्भारको खर्च बिमा कम्पनीले व्यहोरेको साथै साविकको डिजाइनमा परिवर्तन गरी गरिएको मर्मतमा भने बिमा कम्पनीले बिमा रकम उपलब्ध नगराउने भएका कारण थप रकम कम्पनीबाटै व्यहोरिएको छ ।
- आयोजनाको Signed Contract Energy को पनि बिमा (Loss on profit Insurance) गरिएको हुँदा बिमा कम्पनीको नियमानुसार पहिलो वर्षको उत्पादन तथा Signed Contract Energy लाई तुलनात्मक रुपमा राखी उक्त दुइ मध्ये जुन कम हुन्छ सोही Energy लाई आधार मानि पहिलो ७ दिनको Energy घटाई बाँकी हुन आउने Energy मा Royalty रकम समेत कट्टा गरी बाँकी हुन आउने इनर्जीको त्यस बेलाको दररेट बमोजिम विभिन्न किस्तामा रकम भुक्तानी दिन विमा कम्पनी राजी भई रकम उपलब्ध गराउने प्रकृयामा रहेको छ ।

### २ रुदी खोला बी जलविद्युत आयोजनाः

- लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिका क्षेत्रमा पावर हाउस तथा कास्की जिल्लाको मादी गाउँपालिका र लमजुङ्ग जिल्लाको क्व्होलासोथार गाउँपालिका क्षेत्रमा हेडवर्क्स रहेको यस आयोजनाको अधिकांश निर्माण कार्य सम्पन्न भई २०७६ साल फाल्गुण ५ गते देखि व्यापारिक उत्पादन शुरु गरेको छ ।
- आयोजनामा प्रयोग हुने ४ वटा खोलाहरु मध्ये टोगो खोला मुख्य खोला रहेको छ, भने कार्बू खोला, कैंयु खोला र लिगुर खोलालाई सहायक खोलाको रुपमा लिइएको छ । उक्त खोलाहरु मध्ये टोगो खोला र कार्बू खोलाको हेडवर्क्स निर्माण गत वर्ष नै सम्पन्न भइसकेको थियो भने कैंयु खोलाको हेडवर्क्स निर्माण सम्वन्धी कार्य यस आ.व.मा सम्पन्न भई २०७७ साल चैत्र महिनादेखि सञ्चालनमा आइसकेको छ । त्यस्तै, लिगुर खोलाको निर्माण सम्वन्धी कार्य शुरु गरिएको छ ।
- आयोजनाको Generator Unit 2 को Stator मा मिति २०७७ साल ज्येष्ठ २४ गते विहान अचाचक समस्या आएकोमा उक्त मेशिन मर्मत गरी पुनः सञ्चालनमा ल्याइएको छ ।

- आयोजनाको Signed Contract Energy को पनि बिमा (Loss on profit Insurance) गरिएको हुँदा बिमा कम्पनीको नियमानुसार पहिलो वर्षको उत्पादन तथा Signed Contract Energy लाई तुलनात्मक रुपमा राखी उक्त दुइ मध्ये जुन कम हुन्छ सोही Energy लाई आधार मानि पहिलो ७ दिनको Energy घटाई बाँकी हुन आउने Energy मा Royalty रकम समेत कट्टा गरी बाँकी हुन आउने इनर्जीको त्यस बेलाको दररेट बमोजिम रकम भुक्तानी दिन विमा कम्पनीलाई पत्राचार गरिएकोमा ताहाँबाट Valuator नियुक्त गरी कार्यारम्भ भएको जानकारीमा आएको छ ।

**३ आयोजना सञ्चालन सम्वन्धी थप विवरणः**

- विविध कारणले दुवै आयोजनाको निर्माण लागत बढ्न जाँदा नपुग रकम व्यवस्थापनका लागि कम्पनीका साविकका शेयरधनी/लगानीकर्ताहरुबाट विभिन्न समयमा लिइएको सापटी फिर्ता गर्न, बैंक किस्ता/व्याज नियमित गर्न तथा विभिन्न निर्माण कम्पनी एवं Suppliers लाई तिर्न बुझाउन बाँकी रकम भुक्तान गर्नका लागि समेत आयोजनाको Consortium Bank संग भएको निर्णय बमोजिम साविकको कर्जामा रुदि खोला ए ज.वि.आ.मा थप ९००,००,०००/- (अक्षरेपी नौ करोड रुपैयाँ मात्र) तथा रुदी खोला बी ज.वि.आ.मा थप ७,००,००,०००/- (अक्षरेपी सात करोड रुपैयाँ मात्र) गरी जम्मा १६,००,००,०००/- (अक्षरेपी सोह्र करोड रुपैयाँ मात्र) बराबरको कर्जा रकम थप गरि कार्य सञ्चालन गरिएको छ । (दुवै आयोजनाको लागत सम्वन्धी विवरण पछाडिको तालिकामा प्रस्तुत गरिएको छ) ।
- आयोजना निर्माणका क्रममा १३.२५ प्रतिशतसम्म पुगेको कर्जाको व्याजदर घटाउने सम्वन्धमा ऋण लगानीकर्ता बैंकहरुसंग कम्पनीका संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद आचार्य, सञ्चालक श्री सन्दिप आचार्य सहितका सञ्चालकज्यूहरुको अथक प्रयास एवं पहलमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसंग विभिन्न चरणमा भएको छलफल पश्चात २०७७ साल फाल्गुण १ गतेदेखि लागू हुनेगरी आगामि १० वर्षसम्मको परिवर्तन नहुने गरी आयोजनाको बैंक कर्जाको वार्षिक व्याजदर ७.९ प्रतिशत कायम गर्न सफल भएका छौं । यो उपलव्धी जलविद्युत क्षेत्रमा लगानी गर्ने कम्पनीहरुको आफैंमा उदाहरणीय उपलव्धी हो । साथै कर्जा भुक्तान गर्ने साविकको १२ वर्ष समेतलाई वृद्धि गरी २०७८ साल वैशाख महिनाबाट लागू हुनेगरी १५ वर्ष कायम गराउन समेत सफल भएका छौं ।
- आयोजनाको बैंक कर्जामा व्याजदर स्थिर गर्ने निर्णयलाई स्वीकार गर्न हिचकिचाएका बैंक तथा वित्तीय संस्थालाई नेपाल राष्ट्र बैंकको नियमानुसारको Prepayment Charge तिरी साविकको Consortium Partners मध्येको GlobalIME Bank Limited र Manjushree Finance Limited लाई बिदा गरी उनिहरुको Loan Portion लाई Consortium Partners मध्ये कै Siddartha Bank Limited र Sanima Bank Limited लाई Swap गराइएको छ ।
- दुवै आयोजनाको पावरहाउस तथा हेडवर्क्स संचालनका लागि आवश्यक कर्मचारीहरु प्राथमिकताको आधामार नियुक्त गर्दै गइएको छ ।
- भविष्यमा आइपर्ने विभिन्न किसिमका प्रकोप तथा जोखिम न्यूनिकरणका लागि दुवै आयोजनाको सम्पत्ति, Loss on Profit (LOP), Machine Breakdown तथा तेस्रोपक्ष बिमा गरिएको छ ।

**ङ कम्पनीको साधारण शेयर निश्काशन सम्वन्धमाः**

- कम्पनीको आ.व. २०७४/०७५ को वार्षिक साधारण सभाले निर्णय गरे बमाजिम यस कम्पनी समेत संस्थापक रहेको खिम्ती २ जलविद्यूत आयोजनामा थप लगानी गर्न, सप्लायर्स एवं निर्माण कम्पनीहरुलाई तिर्न पर्ने बाँकी रकम तिर्न तथा अल्पकालीन एवं दीर्घकालीन कर्जा/पाटी समेत भुक्तान गर्ने उद्देश्य लिई कम्पनीको कूल जारी पूँजीको २५% शेयर अर्थात् रु.१०० दरको २५,००,०००(पच्चीस लाख) कित्ता साधारण शेयरको सार्वजनिक निष्काशनका लागि आवश्यक प्रकृया अगाडि बढाएको छ ।

- जस मध्ये १०,००,००० कित्ता रुदी खोला ए र रुदी खोला बी जलविद्युत आयोजनाका प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र सम्वन्धी ऐन २०६३ बमोजिम निष्काशन तथा बाँडफाँड गरिने तथा बाँकी रहेको १५,००,००० कित्ता शेयर सर्वसाधारणका लागी निष्काशन तथा बाँडफाँडको तयारी गरिएको छ ।

- शेयरको सार्वजनिक निष्काशनका लागि कम्पनीले धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा सानिमा क्यापिटल लि., शेयर प्रत्याभुतिको लागि सेन्चुरी क्यापिटल लि.र लक्ष्मी क्यापिटल मार्केट लि. लाई नियुक्त गरेको छ । त्यस्तै कम्पनीको IPO/Issuers Rating केयर रेटिङ्गस नेपाल लि. ले "CARE-NP IPO Grade BB+ (better than BB)" ग्रेड प्रदान गरेको छ ।

- धितोपत्र बोर्डको निर्देशन अनुसार पौष २५, २०७६ मा विद्युत नियमन आयोगबाट पुर्व स्वीकृति पत्र प्राप्त गरी माघ ०१, २०७६ मा धितोपत्र दर्ता गरी शेयर निश्कासनको लागि तयार गरिएको विवरणपत्र धितोपत्र बोर्डमा दर्ता गराई प्रकृयामा जाने क्रममा ताहाँबाट तेस्रो चरणमा प्राप्त भएको सुझाव तथा प्रतिक्रियाहरुलाई समेटी यसै साधारण सभा लगत्तै आवश्यक प्रक्रिया पूरा गरी अन्तिम सहमतिका लागि नेपाल धीतोपत्र बोर्डमा विवरण पत्र प्रस्तुत गर्ने तयारीमा रहेका छौं ।

- यस सम्बन्धी जानकारी धितोपत्र बोर्डको वेवसाइटमा गएर हेर्न पनि सकिनेछ । धितोपत्र बोर्डको स्वीकृति पाए लगत्तै धितोपत्र सम्वन्धि ऐन २०६३ बमोजिम शेयरको निष्काशन तथा बाँडफाँड कार्य सम्पन्न गर्ने सबै शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछु ।

## च आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्यक्रम सम्वन्धमा:

दुवै आयोजनाको सामाजिक उत्तरदायित्व अन्तर्गत प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि एउटा एम्बुलेन्स प्रदान गरिएको छ । साथै, प्रभावित क्षेत्रका बासिन्दा एवं समुदायहरुसंग समन्वय गरी विभिन्न स्थानहरुमा मोटरबाटो निर्माण एवं मर्मत सम्भार, सिँचाइ कुलो निर्माण, विद्यालय भवन निर्माण, धार्मिक/सामाजिक कार्य, छात्रवृत्ति, बाख्रा पालनको लागि गोठ निर्माण, युवा क्लव भवन, आमा समूह, खेल मैदान, सामुदायिक भवन, शिक्षा, खानेपानी, गिट्टी, बालुवा, डण्डी, सिमेण्ट लगायतका विविध सहयोग गरिएको छ । यसका अतिरिक्त आयोजना निर्माणका क्रममा क्षति भएका बालीनाली, रुख बिरुवा, खेतबारीको स्थानीय स्तरमा समन्वय गरी क्षतिपूर्ति समेत उपलव्ध गराउँदै आएको छ ।

## छ रुदी खोला ए र रुदी खोला बी ज.वि.आ.को Comparative Cost सम्वन्धी विवरण

| S N | विवरण | Estimated Cost (as per DPR Oct 2013) NRS 'Crore | | | Incurred (Actual) Cost NRS 'Crore | | | Incurred (As built) Cost NRS 'Crore | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | रुदी ए | रुदी बी | **जम्मा** | रुदी ए ( सिओडी) | रुदी बी (०७७ चैत्र मसान्त) | **जम्मा** | रुदी ए | रुदी बी | **जम्मा** | **Incurred vs Estimated** | कार्यालय विस्तार गरिनुका साथै कही नयाँ उपकरणहरु खरीद गरिएको |
| 1 | कार्यालय उपकरण तथा फर्निचर | ०.१५ | ०.२५ | **०.४०** | ०.१५ | ०.२५ | **०.४०** | ०.२५ | ०.४४ | **०.६९** | **०.२९** | कार्यालय विस्तार गरिनुका साथै कही नयाँ उपकरणहरु खरीद गरिएको |
| 2 | सवारी साधन | ०.५८ | ०.६५ | **१.२३** | १.२० | ०.६५ | **१.८५** | ०.९४ | ०.६९ | **१.६२** | **०.३९** | सवारी साधनको मर्मत तथा सम्भार खर्च समेत जोडिएको |
| 3 | सिभिल निर्माण खार्च | ३२.४७ | २८.८४ | **६१.३१** | ३९.०० | २८.८४ | **६७.८४** | ५२.०१ | ४५.५४ | **९७.५४** | **३६.२३** | भौगोलिक अवस्था बमोजिम निर्माण गर्दा शुरुको डिजाइनमा भएको भन्दा बढी परिमाणको काम भएको । |
| 4 | इ.आइ.ए तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च | २.५८ | ०.९५ | **३.५३** | २.५८ | ०.९५ | **३.५३** | २.९२ | २.१७ | **५.०९** | **१.५६** | स्थानीयहरुको जग्गा तथा बालीनालीको क्षतिपूर्ति वृद्धि हुनुका साथै सामाजिक कार्यहरु थपिँदै गएका् |
| 5 | पूर्वाधार विकास तथा निर्माण खर्च | ४.९७ | ३.९९ | **८.९६** | ४.९७ | ३.९९ | **८.९६** | ६.३० | ८.३७ | **१४.६७** | **५.७१** | आयोजनाको भाक्ैगालिक अवस्था अनुसार पूर्वाधार निर्माण गर्नुपरेको साथै नयाँ सडक निर्माण, पुराना सडकको स्तरोत्तनी, वर्षेनी मर्मत गर्नुपर्दा लागत बढ्न गएको । |
| 6 | निर्माण अवधिको बैंक कर्जाको व्याज खर्च | १४.५५ | ७.८१ | **२२.३६** | ११.८५ | ७.८१ | **१९.६६** | १४.६५ | ११.४५ | **२६.१०** | **३.७४** | आयाृजना निर्माणमा ढिलाई हुँदा बैंक कर्जामा व्याज बढेको |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 7 | जग्गा खरीद तथा विकास खर्च | १.९२ | १.७७ | **३.६९** | १.९२ | १.७७ | **३.६९** | २.१४ | २.१६ | **४.३१** | | **०.६२** | शुरुको इष्टिमेट भन्दा बढी जग्गा खरीद गर्नुपरेको |
| 8 | हाइड्रो मेकानिकल सम्वन्धी खर्च | ३५.१४ | १७.०५ | **५२.१९** | ३५.१४ | १७.०५ | **५२.१९** | ३४.२४ | १९.३४ | **५३.५७** | | **१.३८** | रुदी खोला ए ज.वि.आ.मा साविकमा भन्दा १५० टन पाता बढी खरीद हुँदा सो को जडान लगायत सबै खर्चमा वृद्धि भएको । साथै हाइड्रोसाइक्लोन तथा सर्ज पाइपको खर्च समेत बढी भएको । रुदी बी को हकमा पहिले इसिटमेट भएको भन्दा बढी पाइप तथा स्टिफनर खरीद गरिएको । शुरुको बजेट नै सोही समयमा अपुग भएको । रुदी खोला बी को अन्तिम बिल आउन बाँकी रहेको छ । |
| 9 | इलेक्ट्रोमेकानिकल सम्वन्धी खर्च | ३५.२१ | २६.५७ | **६१.७८** | २५.११ | २६.५७ | **५१.६८** | २१.२७ | १९.६५ | **४०.९२** | | **(२०.८६)** | इष्टिमेट भन्दा कमर दररेटमा काम गराइएको । |
| 10 | आयोजना विकास खर्च | १०.९२ | ९.९४ | **२०.८६** | ११.५१ | ९.९४ | **२१.४५** | १३.५० | ११.०२ | **२४.५२** | | **३.६६** | आयोजनामा इष्टिमेट भन्दा बढी काम भएको तथा शुरुमा तोकिएको भन्दा बढी समय लाग्नु साथै सहयोगी हातहरुको खर्च पनि बढ्दै गएको/जाने |
| 11 | साइट क्याम्प निर्माण खर्च | ०.८५ | ०.८२ | **१.६७** | ०.८६ | ०.८२ | **१.६८** | १.३३ | १.१७ | **२.४९** | | **०.८२** | शुरुको डिजाइन भन्दा बढी घर निर्माण भएको |
| 12 | प्रसारण लाइन निर्माण खर्च | ५.७० | ६.५१ | **१२.२१** | ९.२१ | ६.५१ | **१५.७२** | ५.९८ | ३.९७ | **९.९४** | | (२.२७) | शरुमा दुवै आयोजनाबाट उत्पादित बिजली रुदी खोला ए ज.वि.आ.को पावरहाउसबाट करिव २२ किमि. दूरी रहेको लेखनाथ सवस्टेशनमा जोड्ने गरी सम्झौता भएकोमा आयोजना निर्माण सम्पन्न हुँदा सम्ममा नेवि.प्रा. लो रुदी खोला बी ज.वि.आ.को पावरहाउसबाट करिव ८ कि.मि. मात्र टाढा रहेको मिजुरेडाँडामा सव स्टेशन तयार गरिएको कारण दुवै आयोजनाबाट उत्पादित विद्युत सोही स्थानमा लगि जोडिएको । उक्त स्थानमा सव स्टेशन निर्माण गर्दा हाम्रो कम्पनीले पनि केही हदसम्म सहयोग गरेको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | १४५.०४ | १०५.१५ | **२५०.१९** | १४३.५० | १०५.१५ | **२४८.६५** | १५५.५१ | १२५.९७ | **२८१.४८** | **३१.२९** | |

माथि उल्लेखित comparative Cost मा राखिएको तालिकामा हेर्दा दुवै आयोजनाको शुरुको Estimated BOQ मा उल्लेख भए भन्दा भौगोलिक/भौगर्भिक अवस्थाका कारण Civil तथा Hydromechanical Works मा बढी Quantity को काम हुनु, भुकम्प तथा नाकाबन्दीको समस्या, आयोजनाको काम थपिए संगै समय तथा कार्यालय खर्च थपिनु, विभिन्न समयमा देखापर्ने बाढी, पहिरो, स्थानीय समस्या, निर्माण कम्पनीका कामदारको समस्या, स्थानीय समस्या लगायतका विविध वाह्य कारण नै मुख्य रहेको व्यहोरा शेयरधनी महानुभावहरुमा जानकारी गराउँदछौं ।

**ज कम्पनीको आय तथा व्यय विवरण सम्वन्धमा:**

आयोजनाबाट विद्युत उत्पादन शुरु हुँदा सम्मको सम्पूर्ण खर्चलाई आयोजनाको कूल लगानीमा समावेश गरिएको तथा आयोजनाबाट विद्युत उत्पादन शुरु भए पछाडिको खर्च अर्थात् फागुन/चैत्र महिनादेखिको खर्चलाई भने सञ्चालन खर्चमा राखिएको व्यहोरा अनुरोध गर्दै कम्पनी/आयोजनाको श्रावण २०७६ देखि असार २०७७ सम्मको आम्दानी खर्चको संक्षिप्त विवरण प्रस्तुत गर्दछु । विस्तृत विवरण कम्पनीको आ.व. २०७६/०७७ को वित्तीय विवरणमा प्रस्तुत गरिएको छ ।

**आम्दानी तर्फ**

| **विवरण** | **रुदी खोला ए** | **रुदी खोला बी** | **जम्मा** |
|---|---|---|---|
| विद्युत विक्रीबट आम्दानी | २३९,३७८,०४८ | ४१,९८८,१८२ | २८१,३६६,२३० |
| अन्य आम्दानी (लाभांश) | ५६०,०१२ | ४२०,००९ | ९८०,०२१ |
| **कूल आम्दानी** | **२३९,९३८,०६०** | **४२,४०८,१९१** | **२८२,३४६,२५१** |

**खर्च तर्फ**

| | | | |
|---|---|---|---|
| बैंक कर्जामा व्याज | ११६,४७५,८६७ | ३१,८१४,६३२ | १४८,२९०,४९९ |
| रोयाल्टी खर्च | ५,७७८,१२७ | १,५८२,६९८ | ७,३६०,८२५ |
| बैंक चार्ज तथा कमिशन | १,५९५,५४८ | | १,५९५,५४८ |
| साइट मेश खर्च | १,४०६,४७८ | ७२०,१४२ | २,१२६,६२० |
| सञ्चार खर्च | २१४,३२३ | ४९,५३४ | २६३,८५८ |
| खर्च भएर जाने सामान | २६३,७२६ | २२०,०७१ | ४८३,७९६ |
| इनधन तथा यातायात खर्च | २४४,२२९ | १४८,२८७ | ३९२,५१६ |
| आयोजना बीमा खर्च | ३,६२९,९२६ | १,२८५,८१८ | ४,९१५,७४४ |
| आपिओ व्यवस्थापन खर्च | २८२,०४३ | २११,५५७ | ४९३,६०० |
| अतिथि सत्कार खर्च | ७४,१९० | १३,७५४ | ८७,९४४ |
| वैठक तथा साधारण सभा खर्च | ५९८,४४५ | ३७४,४९१ | ९७२,९३६ |
| घरभाडा खर्च | ५५४,४८७ | १०५,२७३ | ६५९,७६० |
| सञ्चालन खर्च (ले.प., सामाजिक, औषधोपचार आदि) | ५४५,६६७ | २,८१३,३९७ | ३,३५९,०६४ |
| छपाइ तथा मसलन्द खर्च | २०७,४८० | | २०७,४८० |
| आयोजना मर्मत तथा सम्भार खर्च | २,६३७,४५० | | २,६३७,४५० |
| नविकरण खर्च | ३३९,६५९ | | ३३९,६५९ |

| | | | |
|---|---|---|---|
| सवारी साधन मर्मत खर्च | ६३२,३४७ | ६०८,९२० | १,२४१,२६७ |
| तलव तथा भत्ता | ११,५०९,२७४ | ४,६३५,९१८ | १६,१४५,१९२ |
| साइट विद्युत खर्च | ४७७,१४६ | | ४७७,१४६ |
| ऱ्हास कट्टी खर्च | ५३,७९४,०४३ | १,६२५,२५५ | ५५,४१९,२९८ |
| **जम्मा** | **२०१,२६०,४५४** | **४६,२०९,७४७** | **२४७,४७०,२०१** |
| आ.व. २०७६/०७७ को नाफा/नोक्शान | ३८,६७७,६०६ | -३,८०१,५५६ | ३४,८७६,०५० |
| गत आ.व.सम्मको संचित नाफा/नोक्शान | | | (२२,४६४,०५७) |
| **आ.व.२०७६/०७७ सम्मको नाफा/नोक्शान** | | | **१२,४११,९९३** |

## सम्पत्ति तथा दायित्व तर्फः

| Particulars | २०७६ साल असार मसान्त सम्मको जम्मा | २०७६/०७७ को कारोवार (थप/घट) | २०७६/०७७ को साल असार मसान्त सम्मको जम्मा |
|---|---|---|---|
| **दायित्व तर्फ** | | | |
| शेयर पूँजी | ७५०,०००,००० | - | ७५०,०००,००० |
| संचित नाफा/नोक्शान | (२२,४६४,०५७) | ३४,८७६,०५१ | १२,४११,९९४ |
| बैंक कर्जा | १,५८०,६००,२९७ | २०९,५३८,१४८ | १,७९०,१३८,४४४ |
| तिर्न पर्ने दायित्व (शेयर पेश्की तथा सापटी समेत) | ४४०,६९६,३५२ | (८३,५४५,४५७) | ३५७,१५०,८९५ |
| अल्पकालीन कर्जा | ३०,११२,७०० | ९,०७६,९२५ | ३९,१८९,६२५ |
| **जम्मा शेयर तथा दायित्व** | २,७७८,९४५,२९२ | १६९,९४५,६६६ | २,९४८,८९०,९५८ |
| **सम्पत्ति तथा मौज्दात** | | - | |
| स्थिर सम्पत्ति | ११,७७३,७९४ | ९,३५८,९७३ | २१,१३२,७६७ |
| रुदी खोला ए को आयोजना लागत | १,५३०,३६६,७१३ | (४३,४९४,७०७) | १,४८६,८७२,००६ |
| रुदी खोला बी ज.वि.आ.को आयोजना लागत | ७८१,२४७,१५८ | ४४४,३३०,१५५ | १,२२५,५७७,३१३ |
| **अन्य कम्पनीहरुमा लगानी** | ५४,७६१,९०० | (२०,६५०,९३४) | ३४,११०,९६६ |
| भुक्तानी लिनुपर्ने (नेपाल विद्युत प्राधिकरण) | ३४,३६८,७९८ | ५०,६१९,१५१ | ८४,९८७,९४९ |
| नगद तथा बैंक मौज्दात | ४२,८४९,३९३ | (१९,२५१,४८८) | २३,५९७,९०५ |
| पेश्की तथा, धरौटी तथा मार्जिन | ३२३,५७७,५३७ | (२५०,९६५,४८४) | ७२,६१२,०५३ |
| **जम्मा** | २,७७८,९४५,२९२ | १६९,९४५,६६६ | २,९४८,८९०,९५८ |

- माथि उल्लेखित वित्तीय विवरण अनुसार २०७७ साल असार मसान्त सम्ममा जम्मा रु.१२,४११,९९४/- ( अक्षरेपी एक करोड चौबीस लाख एघार हजार नौ सय चौराननब्बे रुपैयाँ मात्र) को संचित नाफा देखिन्छ । यसमा कम्पनीले ने.वि.प्रा.मा पेश गरेको बील रकमलाई कूल आम्दानी मानिएको छ ।

- नेपाल बिद्युत प्राधिकरणले बिल रकम भुक्तान गर्दा बील पेश भएको ४५ दिन पश्चात मात्र बिद्युत खरिद गरे वापतको रकम कम्पनीको खातामा पठाउने भएकोले रुदी खोला ए ज.वि.आ.को वैशाख, ज्येष्ठ र असार महिना तथा रुदी खोला बी ज.वि.आ.को २०७६ साल फाल्गुण महिनादेखि २०७७ असार मसान्तसम्मको बील रकमलाई भुक्तानी पाउन बाँकी रकममा राखिएको छ ।

**झ अन्य गतिविधीहरुः**

- आयोजना निर्माणको क्रममा विभिन्न व्यक्ति तथा कम्पनीहरुबाट शेयर वापत पेश्की/ अल्पकालीन सापटी स्वरुप लिइएको रकमलाई उहाँहरुकै अनुरोधमा साविकमा रहनुभएका शेयरधनी/संचालकहरुको नाममा रहेको शेयर रकम घटाई शेयर वापत पेश्की/सापटी उपलब्ध गराउने लगानीकर्ताहरुको नाममा OTC मार्फत शेयर हस्तान्तरणको पक्रिया शुरु गरिएको छ। शेयरबाट घट्न गएको रकमलाई वहाँहरुको नामबाट सापटीमा राखी कम्पनीमा भएको नगद प्रवाहको आधारमा विभिन्न किस्तामा रकम फिर्ता गरिरहेका छौं ।
- कम्पनीको दैनिक कार्य सञ्चालनका लागि कम्पनीको आ.व. २०७५/०७६ को वार्षिक साधारण सभाले स्वीकृत गरेको कम्पनीको आर्थिक प्रशासनिक तथा कर्मचारी प्रशासन विनियमावली बमोजिम कम्पनीका कार्यहरु सम्पदान हुँदै आइरहेका छन् ।

**झ.१ आयोजनाको कर्जा सम्वन्धी विवरण ।**

- कम्पनीद्वारा सञ्चालित रुदी खोला र रुदी खोला बी ज.वि.आ. निर्माणको लागि सानिमा बैंक लि. को अगुवाइमा लिइएका कर्जाको आ.व. २०७६/०७७ को विवरण यस प्रकार रहेको छ :

| विवरण | रुदी खोला ए (रु) | रुदी खोला बी (रु) | जम्मा (रु) |
|---|---|---|---|
| **आ.व.को शुरुको मौज्दात (२०७६ असार मसान्त)** | | | |
| दीर्घकालीन कर्जा (क) | १,०६०,९००,००० | ५१९,७००,२९७ | १,५८०,६००,२९७ |
| अल्पकालीन कर्जा (ख) | - | ३०,११२,७०० | ३०,११२,७०० |
| **जम्मा कर्जा (शुरु मैज्दात) (ग.क-ख) (२०७६ असार मसान्त)** | **१,०६०,९००,०००** | **५४९,८१२,९९६** | **१,६१०,७१२,९९६** |
| आ.व. २०७६/०७७ मा साँवा भुक्तानी (घ) | ५२,५२१,००० | - | ५२,५२१,००० |
| सोही आ.व. मा थप भएको कर्जा (ङ) | २२,०३७,०७३ | २४९,०९९,००० | २७१,१३६,०७३ |
| **आ.व.को अन्तमा बाँकी कर्जा (च=ग-घ+ङ) (२०७७ असार मसान्त** | **१,०३०,४१६,०७३** | **७९८,९११,९९६** | **१,८२९,३२८,०६९** |
| **आ.व.२०७६/०७७ को बैंक व्याज भुक्तानी** | | | |
| निर्माण अवधीको व्याज (आयोजना लागत खर्चमा जोडिने) (च) | - | ४६,६४७,१३० | ४६,६४७,१३० |
| सञ्चालनमा आएपछिको व्याज (संचालन खर्चमा जोडिने) (छ) | ११६,४७५,८६७ | ३१,८१४,६३२ | १४८,२९०,४९९ |
| **चालू आ.व.को जम्मा व्याज (ज = च+छ) (२०७७ असार मसान्त)** | **११६,४७५,८६७** | **७८,४६१,७६२** | **१९४,९३७,६२९** |

**ञ सञ्चालक समिति एवं १ प्रतिशत भन्दा बढी लगानी गर्नुहुने शेयरधनीहरु सम्वन्धी विवरण**

| क्र.सं | नाम थर | पद | शेयर संख्या (शेयर लागत बमोजिम) | शेयर प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री सीता आचार्य | सञ्चालक अध्यक्ष | १,२९७,७७३ | १७.३०% |
| २ | श्री सिड इन्फ्रा प्रा.लि | सञ्चालक सदस्य | ५३५,००० | ७.१३% |
| ३ | श्री भरत बहादुर पाण्डे | सञ्चालक सदस्य | ४६७,६९७ | ६.२४% |
| ४ | श्री दिलसुन्दर श्रेष्ठ | सञ्चालक सदस्य | ४५१,१३३ | ६.०२% |
| ५ | प्रा.डा. श्री लक्ष्मण पौडेल | सञ्चालक सदस्य | २८४,३५८ | ३.७९% |
| ६ | श्री बिष्णुहरि शर्मा सुबेदि | सञ्चालक सदस्य | २६७,७४८ | ३.५७% |
| ७ | प्रा. डा. हरि प्रसाद पण्डित | सञ्चालक सदस्य | १८९,६७४ | २.५३% |
| ८ | श्री ओम प्रसाद गुरुङ | सञ्चालक सदस्य | ९२,२७४ | १.२३% |
| ९ | श्री तम प्रसाद गुरुङ्ग | सञ्चालक सदस्य | ४६,४५७ | ०.६२% |
| १० | श्री सुदिप आचार्य | आधारभूत शेयरधनी | ७८७,४७९ | १०.५०% |
| ११ | श्री राम वहादुर गौतम | आधारभूत शेयरधनी | ४११,१९८ | ५.४८% |
| १२ | श्री समरजङ्ग बस्नेत | आधारभूत शेयरधनी | १५०,००० | २.००% |
| १३ | श्री विरजङ्ग गुरुङ्ग | आधारभूत शेयरधनी | १२०,६२५ | १.६१% |
| १४ | श्री हरि प्रसाद काफ्ले शर्मा | आधारभूत शेयरधनी | ११४,३४३ | १.५२% |
| १५ | श्री कृष्ण वहादु गुरुङ्ग | आधारभूत शेयरधनी | ९७,२६५ | १.३०% |

**ट सञ्चालक समितिका पदाधिकारीहरुलाई उपलव्ध गराइएको तलव तथा भत्ता सम्वन्धी विवरणः**

| सि.नं. | नाम | पद | पारिश्रमिक/भत्ता (कर वाहेक रु) | कैफियत |
|---|---|---|---|---|
| १ | श्रीमती सीता आचार्य | अध्यक्ष | १६,२०,०००.०० | तलव तथा भत्ता |
| २ | श्री भरत बहादुर पाण्डे | संचालक | ३,००,०००.०० | दैनिक भत्ता |
| ३ | प्रा.डा. हरि प्रसाद पण्डित | संचालक | १२,००,०००.०० | दैनिक भत्ता (प्राविधिक प्रमाणीकरण/सल्लाह) |
| ४ | श्री दिलसुन्दर श्रेष्ठ | संचालक | | नभएको |
| ५ | श्री सन्दिप आचार्य, प्रतिनिधी, सीड इन्फ्रा प्रा.लि. | संचालक | | नभएको |
| ६ | श्री बिष्णुहरि शर्मा सुबेदी | संचालक | | नभएको |
| ७ | प्रा.डा.लक्ष्मण पौडेल | संचालक | | नभएको |
| ८ | श्री ओम प्रसाद गुरुङ्ग | संचालक | | नभएको |
| ९ | श्री तम प्रसाद गुरुङ्ग | संचालक | | नभएको |

संचालक समितिको बैठक बस्दा अध्यक्ष, संचालक, कम्पनी सचिव र उपस्थितहरुलाई प्रतिव्यक्ति प्रति बैठक रु. ५,०००।- वैठक भत्ता प्रदान गर्ने गरिएको छ ।

**ठ यस कम्पनीले उपरोक्त वाहेक अन्य कम्पनीमा गरेको लगानी सम्वन्धी विवरण**

| कम्पनीको नाम | लगानी सम्वन्धी विवरण | लगानी रकम रु. | हालको अवस्था |
|---|---|---|---|
| **पिपुल्स इनर्जी लि.** (शुरुमा रु. ३,०८,७५,०००/- रुपैयाँ कम्पनीमा जम्मा गरेकोमा रु. १,००,००,०००/- शेयर लागतमा परिणत भई बाँकी भएको रकमलाई फिर्ता लिई कम्पनीको दायित्व भुक्तान गर्दै गएको । | खिम्ती २ ज. वि. आ. (४८.८ मे. वा.) | १,००,००,०००।०० | दोलखा र रामेछाप जिल्लाको सीमाना नदीको रुपमा रहेको खिम्ती खोलामा निर्माण गरेन यस आयोजनामा सानिमा बैंक लि.को अगुवाईमा आयोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भैसकेको छ । साथै आयोजको पहुँच मार्ग, आन्तरिक प्रसारण लाइन, जग्गा खरीद, आवास गृह लगायतका Pre Construction सम्वन्धी निर्माण कार्य सम्पन्न गरी आयोजनाको मुख्य संरचना निर्माणको लागि Detailed DESIGN सम्पन्न भई मुख्य संरचना निर्माण कार्य शुरु भैसकेको छ । |
| युनाइटेड मोदी हाइड्रोपावर लि. | तल्लो मोदी खोला १ ज.वि.आ. (१० मे.वा.) | २,२४,३८,७००।०० | उत्पादन शुरु भई आ.व. २०७६/०७७ मा ५% नगद लाभांस पारित गरेको छ । |
| जलविद्युत लगानी तथा विकास कम्पनी लि. | | १४,४८,२००।०० | विभिन्न जलविद्युत आयोजनाहरुमा लगानी रहेको । |

## ड कम्पनीको भावी योजना तथा रणनीति :

कम्पनीले आफ्नो व्यवसाय वा सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तीका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- ✓ शेयर बाँडफाँड हन बाँकी भएका लगानीकर्ताहरुलाई प्रकृया पुऱ्याई क्रमशः शेयर हस्तान्तरण गर्दै जाने
- ✓ यसै आ.व. भित्रमा कम्पनीको सर्वसाधारण शेयर निस्काशन गर्ने ।
- ✓ समान उद्देश्य भएका अन्य जलविद्युत कम्पनीहरुमा लगानी गर्दै जाने ।
- ✓ कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने, कम्पनीलाई आबश्यक नपर्ने जग्गा, भवन, सवारी साधन र उपकरणहरु विक्रि गर्ने ।
- ✓ कम्पनीलाई आबश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनिहरुको सेवाको शर्तहरु निर्धारण गर्ने ।
- ✓ कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा वित्तीय संस्थामा धितो राखी वा नराखी कर्जा लिने ।
- ✓ समयानुकूल अन्य आवश्यक कार्यहरु गर्दै जाने ।

## ढ धन्यवाद ज्ञापनः

यस कम्पनीको स्थापना कालदेखि कम्पनी एवं कम्पनीका आयोजनाहरुको निर्माण तथा सञ्चालन, व्यवस्थापन आदिमा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा संलग्न भई निरन्तर सहयोग पुऱ्याउनु हुने लगानीकर्ता तथा शेयरधनी

महानुभावहरुका साथै नेपाल विद्युत प्राधिकरण, नेपाल सरकार, विद्युत विकास विभाग, अन्नपूर्ण संरक्षण क्षेत्र, वातावरण विभाग, आयोजनाको कर्जा सम्झौताको नेतृत्वकर्ता श्री सानिमा बैंक लि.सहित वित्तीय व्यवस्थापनमा सहभागी बैंकहरु, निर्माण कम्पनीहरु, परामर्शदाताहरु, आयोजना क्षेत्रका स्थानीय निकायहरु, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लगायत सम्पूर्ण सरकारी, अर्धसरकारी, तथा नीजि क्षेत्रका निकाय तथा व्यक्तिहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

साथै, दुवै आयोजनाको सफलता पूर्वक निर्माण सम्पन्न गर्नका लागि सबै प्रकारले सहयोग एवं सहभागिता जनाउँदै आउनु भएका कम्पनीका संस्थापक अध्यक्ष श्री कृष्ण प्रसाद आचार्य सहित सञ्चालक श्री भरत वहादुर पाण्डे, श्री दिल सुन्दर श्रेष्ठ, श्री सन्दिप आचार्य, प्रा.डा. लक्ष्मण पौडेल, श्री विष्णुहरि शर्मा सुवेदी, प्रा.डा. हरि प्रसाद पण्डित, श्री ओम प्रसाद गुरुङ्ग, श्री तम प्रसाद गुरुङ्ग लगायतका साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

साथै, कम्पनीको शुरुआती चरणदेखि नै संगसंगै हातेमालो गर्दै आउनु भएका संस्थापक सदस्य श्री हरि प्रसाद शर्मा काफ्ले, श्री डमरु वल्लभ भट्टराई, श्री वीरजङ्ग गुरुङ्ग, श्री कृष्ण वहादुर गुरुङ्ग, श्री ज्ञान प्रसाद अधिकारी तथा आयोजनाका डेपुटी प्रोजेक्ट मेनेजर इ. सरोज भट्टराई लगायत आयोजना स्थलमा निरन्तर खट्ने प्राविधिक कर्मचारीहरु, कम्पनीको केन्द्रीय कार्यालयमा रही कार्य सम्पादन गर्नुहुने महाप्रवन्धक श्री जनार्दन अर्याल, प्रोजेक्ट कोअर्डिनेटर श्री कुशलसुन्दर श्रेष्ठ लगायत सम्पूर्ण कर्मचारीहरुलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण शेयरधनी/लगानीकर्ताहरुलाई कम्पनी र कम्पनीको सञ्चालक समिति प्रति देखाउनु भएको सहयोग, सद्भाव र विश्वासको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आजको वार्षिक साधारण सभाले चयन गर्ने नयाँ सञ्चालक समितिका पदाधिकारीहरुलाई अग्रीम शुभकामना व्यक्त गर्दै सञ्चालक समितिले प्रस्तुत गरेको आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन माथि छलफल गरी अनुमोदनको लागि प्रस्तुत गर्दछु ।

धन्यवाद ।

भवदीय,

सीता आचार्य
अध्यक्ष
सञ्चालक समिति

**Equipment & Vehicle Details of BHDCL:**

| SN | Vehicle Name | Brand | Nos | Remarks |
|---|---|---|---|---|
| 1 | Excavator with Breaker | Komatsu 200-8 | 1 | Site Office (But in KTM workshop Now), Scrap Condition |
| 2 | Backhoe Loader | JCB 3DC | 1 | Site office |
| 3 | Hydraulic Tractor | Mahindra 4WH | 1 | Site Office |
| 4 | Double Cab Pickup | Mahindra Scorpio | 1 | KTM/Site (Is in Scrap Condition) |
| 5 | Double Cab Pickup | Mahindra Bolero | 2 | Site office |
| 6 | Motorcycle | Yamaha, Honda | 5 | 4 Nos. at site (1 nos is scrap) and 2 nos at Kathmandu. |